# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## साना किसान विकास बैंकको १३ औं वार्षिकोत्सव

साना किसान विकास बैंकको १३ औं वार्षिकोत्सवको उपलक्ष्यमा २०७१ असार २२ गते आयोजित विषेश कार्यक्रममा गभर्नर डा. युवराज खतिवडाले प्रमुख अतिथिको रूपमा उक्त संस्थाको प्रगतिका लागि शुभकामना व्यक्त गर्नुभयो । उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै गभर्नर खतिवडाले वित्तीय सेवा उपयोग गर्ने साना किसान, उद्यमी तथा व्यवसायीलाई निश्चित समयमा निरपेक्ष गरिबीबाट माथि उठाउने लक्ष्य लिई बैंक तथा वित्तीय संस्थाले सेवा प्रवाह गर्नु आवश्यक रहेको बताउनु भयो । साना किसानले व्यवसाय गरेर ठूलो किसान बन्न सक्ने गरी वित्तीय सेवा पु¥याउन अनुरोध गर्दै गभर्नर खतिवडाले बैंक तथा वित्तीय संस्थाहरुलाई आफ्नो व्यवसाय मात्र सुरक्षित राख्ने ध्यानमा नलागी ऋणीको समेत उत्थान हुने गरी काम गर्न सुझाव दिनुभयो ।

लक्षित वर्गका साथै लक्षित क्षेत्रमा वित्तीय सेवा प्रदान गर्न थाल्नु प्रशंसनीय रहेको चर्चा गर्दै उहाँले यस किसिमको कार्यक्रम अघि बढाएकोमा बैंकलाई धन्यवाद दिनुभयो । सहकारीबाट नै समन्यायिक र समावेशी विकास सम्भव हुने धारणा राख्दै उहाँले बैंकलाई क्षमता विकासमा लाग्न सुझाव दिनुभयो । मुलुकमा १४-१५ लाख जनता अझै गरिबीको रेखामुनि रहेको सन्दर्भमा त्यसलाई लक्षित गरी आक्रामक रुपमा अघि बढ्न उहाँले आग्रह गर्नुभयो । लघुवित्त बैंकिङ सेवा नपुगेका क्षेत्र र सीमान्त वर्गमा सेवा प्रवाह गर्न आग्रह गर्दै उहाँले उत्पादन, प्रशोधन र बजारीकरणमा सानाकिसानको सहभागिता सहकारी मार्फत् सुनिश्चित हुन सक्ने स्पष्ट पार्नुभयो ।

साना किसान विकास बैंकको गतिविधिबाट मुलुकमा कृषिजन्य र मासुजन्य उत्पादनमा सुधार आएको भन्नुहुँदै उहाँले यसबाट नेपालको अहिलेको बढ्दो आयातलाई प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न सकिने कुरा प्रकाश पार्नुभयो । अहिलेको सन्दर्भमा आर्थिक वृद्धिको उत्तम माध्यम भनेको कृषि र सहकारीको विकास नै रहेको धारणा राख्दै उहाँले कृषिमा शान्तिपूर्ण क्रान्तिको सुरुआत भइसकेको र यसलाई संस्थागत गर्न प्रयास गर्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले इजरायलबाट फर्केका विद्यार्थीको उत्साह मर्न दिन नहुने र यसका लागि उहाँहरूको अनुभव आदानप्रदान हुने संयन्त्र बनाउन बैंकलाई सल्लाह दिनुभयो ।

सो अवसरमा गभर्नर खतिवडाले पूर्व सचिव रामेश्वरप्रसाद खनाल, कृषि अनुसन्धान कर्ता डा. नारायण नरसिंह खत्री, जीतनारायण पूर्वे र नवराज सुवेदीलाई कृषि क्षेत्रको विकासमा योगदान पु¥याएबापत सम्मान गर्नुभएको थियो ।

२०७१ असार २२ गते, आइतबार

गभर्नरको कार्यालय